# कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागि
# स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि
## २०७८

नेपाल सरकार
कोभिड-१९ संकट व्यवस्थापन केन्द्र

२०७८, श्रावण

## कार्यविधिमा प्रयोग भएका संक्षिप्त शब्दावलीको विस्तृत रुप

| | | |
|---|---|---|
| CCMC | - | Covid-19 Crisis Management Center |
| DCMC | - | District Covid-19 Management Committee |
| PDC | - | Province Director Committee |
| CICT | - | Case Investigation and Contact Tracing |
| WHO | - | World Health Organization |

विषय सूची


| क्रम संख्या | विषय | पेज नं. |
|---|---|---|
| १. | विषय प्रवेश | १ |
| २. | सन्दर्भ विश्लेषण | २ |
| ३ | उद्देश्य | ३ |
| ४. | स्मार्ट लकडाउनको अवधारणा र औचित्य | ४ |
| ५. | रणनीति | ५ |
| ६. | समुदायमा कोभिड-१९ सक्रमणको अवस्था निर्धारण गर्ने सूचकहरु | ५ |
| ७. | जोखिम मूल्याङ्कन र लकडाउनको तह निर्धारणको ढाँचा | ७ |
| ८. | निर्णय, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन | ९ |
| ९. | अनुसूची १- लक डाउनको प्रकृति अनुसार स्वास्थ्य मापदण्डको पालना गरी खुला गर्ने क्षेत्र/उपक्षेत्र/ क्रियाकलापहरु | ११ |


:

# कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८

## १. विषय प्रवेश :

सन् २०१९ को डिसेम्वर महिनामा चीनको हुवेई प्रान्तको वुहान (Wuhan) शहरमा सर्वप्रथम पहिचान भई विश्वव्यापी महामारीको रुपमा फैलिएको संक्रामक रोग कोभिड-१९ बाट २०७८ साल श्रावण दोस्रो हप्तासम्म ७ लाख ५० हजार भन्दा बढी नेपाली संक्रमित भएका र ९ हजार ८ सय भन्दा बढीको मृत्यु भएको छ भने विश्वभरका करिब १९ करोड ७३ लाख मानिसमा संक्रमण र ४२ लाखको हाराहारीमा मृत्यु भइसकेको छ ।

यस अन्तरालमा विश्वका विभिन्न मुलुकमा कोभिड-१९ को कारकको रुपमा रहेको नोवल कोरोना भाईरस उत्परिवर्तन भई नयां नयां Variant हरु देखिएको र नेपालमा पनि त्यस्ता केही Variant हरु देखापरेको, कोभिड-१९ को औषधि अनुसन्धान कै क्रममा रहेको, संक्रमण नियन्त्रणमा हाल प्रयोगमा ल्याइएका खोपहरु आपतकालीन प्रयोजनको लागि मात्र भएकाले खोपले काम गर्ने अवधि, देखा पर्ने नयाँ Variant मा यसको प्रभावकारिता र यसबाट हुनसक्ने Side effect आदिको विश्वस्त अनुसन्धान कार्य जारी रहेको र नेपाल सरकारको अथक प्रयात्नको बावजुद पनि नेपालमा खोपको उपलव्धता हालसम्म सहज नभएको अवस्था छ । कोभिड-१९ को संक्रमण फैलावट र यसबाट पर्नसक्ने असर अझैपनि सामान्य नियन्त्रणको सीमा भन्दा बाहिर र अनिश्चित छ ।

संक्रमितबाट नजिकको संसर्गमा रहेकालाई मात्र नभई निजले छोएको वस्तुबाट समेत संक्रमण फैलिने तथा लक्षण नदेखिएका संक्रमितहरुबाट समेत संक्रमण सर्ने भएकोले तोकिएका स्वास्थ्य सुरक्षा मापदण्डको पालना नै संक्रमण फैलावटको रोकथाम र नियन्त्रण गर्ने हालसम्मको उत्तम उपाय हो । नेपाल सरकारले नागरिकको जीवन रक्षा गर्न स्वास्थ्य सुरक्षा मापदण्डको पालनाका लागि लकडाउन वा निषेधाज्ञा वा कर्फ्यु वा सील गर्ने जस्ता कठोर कदम वाध्यतावश चालेर भएपनि संक्रमणको दोस्रो लहरको व्यवस्थापन गर्दै आएकोमा सम्भावित तेस्रो लहरको सामना गर्नुपर्ने अवस्थालाई दृष्टिगत गरी कोभिड-१९ को संक्रमण फैलावटको रोकथाम र नियन्त्रण गर्ने कार्यमा सम्झौता वा कमी हुन नदिई अन्तराष्ट्रिय अभ्यास तथा विगतका लकडाउनबाट सिकिएका पाठहरु समेतको आधारमा राष्ट्रिय परिवेशमा आधारभूत सेवा, औद्योगिक उत्पादन, कृषि र अत्यावश्यक आपूर्ति लगायतका आर्थिक तथा सामाजिक गतिविधिहरुलाई यथासम्भव गतिशीलता दिदै नागरिकका जीविकोपार्जनका अवसरलाई सक्दो सहज तुल्याउन तयार पारिएको यो कार्यविधि कोभिड-१९ निर्देशक समितिबाट स्वीकृत भई लागु गरिएको छ ।

## २. सन्दर्भ विश्लेषण :

### २.१. कोभिड-१९ को संक्रमण अवस्था

२.१.१. नोबेल कोरोना भाईरसको नयाँ Variant हरु देखा परिरहेको एवं कोभिड-१९ ले पहिलो भन्दा दोस्रो लहरबाट मानव स्वास्थ्य र जीवनमा बढी क्षति पुर्याएको,

२.१.२. उपचार पद्धति अझै अनुसन्धान कै क्रममा रहेको र खोपको उपलव्धता सबै नागरिकलाई सर्वसुलभ भइनसकेको,

२.१.३. लक्षण देखिएका संक्रमितबाट मात्र नभई लक्षण नदेखिएका र भ्याक्सिन लगाइसकेकाहरुबाट पनि संक्रमण सर्नसक्ने अवस्था रहेको,

२.१.४. संक्रमण फैलिन नदिन संक्रमित भएका वा Contact Tracing मा परी संक्रमणको सम्भावना रहेका व्यक्तिहरुलाई संक्रमित नभएका व्यक्तिहरुसंग संसर्ग हुन नदिन आवश्यक रहेको,

२.१.५ कोभिड-१९को दोस्रो लहर नियन्त्रणमा नआईसक्दै तेश्रो लहर आउन सक्ने र यसबाट बालबालिका समेत वढी प्रभावित हुनसक्ने विज्ञ अनुमान रहेको।

### २.२. लकडाउनको अनिवार्यता र यसबाट पर्ने असर

२.२.१. सन्दर्भ विश्लेषण खण्डको बुंदा २.१. मा उल्लिखित विशेषताले गर्दा भौतिक दूरी कायम समेतको स्वास्थ्य सुरक्षा मापदण्ड पालना गराउन लकडाउन/निषेधाज्ञा/कर्फ्यु आदेश जारी गर्नु पर्ने तथा नागरिकको जनजीवन एवं गतिविधिलाई घर, निवास र आसपासको सिमित घेरामा संकुचित गर्नु /गराउनुपर्ने बाध्यात्मक परिस्थिति सृजना,

२.२.२. सार्वजानिक सेवा प्रवाह, व्यापार, बाणिज्य र उत्पादनका क्षेत्र सुचारु हुन नसक्दा राज्यको समग्र अर्थतन्त्रमा नै प्रतिकूलता,

२.२.३. सामाजिक-आर्थिक गतिशीलता अवरुद्ध हुन गई नागरिकको जीविकोपार्जनमा कठिनाइ उत्पन्न,

२.२.४. लकडाउनको अवस्था पटक पटक दोहोरिने र समय लम्विदै जांदा नागरिकको दैनिक जीविका कष्टकर बन्न गई रोग भन्दा भोकको स्थितिले क्रमश: लापरवाही, हेलचेक्र्याई बढ्ने, आदेश उल्लंघन हुन सक्ने,

२.२.५. राज्यको अर्थतन्त्रमा दूरगामी प्रतिकूलता पैदा भएर क्रमिक रुपमा राष्ट्रिय संकट उत्पन्न भई राष्ट्रिय सुरक्षामा समेत असर पार्नसक्ने खतरा ।

## ३. उद्देश्य :

संक्रमण जोखिमको मूल्यांङ्कनका आधारमा संक्रमणको श्रृंखलालाई तोड्दै सार्वजनिक सेवा तथा आर्थिक क्रियाकलापहरु यथासम्भव सञ्चालन गर्ने र संक्रमणमुक्त स्थानमा क्रमशः त्यस्ता क्रियाकलापहरु खुल्ला गर्दै लग्नु स्मार्ट लकडाउनको प्रमुख उद्देश्य हो ।

## ४. स्मार्ट लकडाउनको अवधारणा र औचित्य

### ४.१. अवधारणाः

स्वास्थ्य सुरक्षाको मापदण्ड कडाइका साथ पालना गर्दै सीमित रुपमा भएपनि आर्थिक-सामाजिक जीवनका गतिविधिहरु क्रमशः अगाडि बढाउन विभिन्न विकल्प र उपायहरु समेटिएको मोडेल नै स्मार्ट लकडाउन हो । यो विज्ञान, प्रविधि, वाणिज्य, कला र व्यवस्थापनमा आधारित पद्धति र अवधारणा हो । स्मार्ट लकडाउनका धेरै संभाग (Components) हरू रहेकाले सबै संभागहरू स्वीकृत निर्देशक सिद्धान्तअनुसार अख्तियारी प्राप्त अधिकारीहरू वा सम्बद्ध निकायहरूले आ-आफ्नो आवश्यकता, औचित्य तथा वैज्ञानिक सिद्धान्तको आधारमा सरोकारवालाहरुको समन्वय र सहकार्यमा कस्टमाइज गरेर निरन्तर सुधारोन्मुख विधिहरु अपनाएर प्रयोग, परिवर्तन र पुनरावलोकन गर्न सकिनेछ ।

यस अवधारणा अनुरुप कोभिड-१९ संक्रमणको उतारचढावलाई मध्यनजर राखी दूरदृष्टि सहित लकडाउनबाट उत्पन्न गतिशीलताको संकुचनलाई न्यून गर्न सकिने अवस्था, उपाय, सम्भावनाहरु पहिचान गर्दै Vulnerability को Degree अनुरुप कुनै पनि भौगोलिक स्थान तथा सामाजिक-आर्थिक क्षेत्र विशेषमा आवश्यकतामा आधारित लकडाउन- "**स्मार्ट लकडाउन**" को कार्यान्वयन गरिने छ ।

यस कार्यविधिमा उल्लेख गरिएका कोभिड-१९ संक्रमण मूल्यांकनका सूचक (Table 1) का आधारमा स्मार्ट लकडाउनको लागि स्तर निर्धारण (Table 2) हुन जानेछ । संक्रमणको चुनौति मापन गर्दा संक्रमण दर, संक्रमणमा उतारचढाव, नयाँ संक्रमण संख्या, अस्पताल भर्ना प्रतिशत र मृत्यु दर समेतका सूचकहरु (Indicators) को अलावा देखा पर्नसक्ने नयाँ Variant र त्यसको प्रभाव समेतको आधारमा मूल्यांकन गरिनेछ । यस्तो मूल्यांकनबाट संक्रमण चुनौतिलाई क्रमश: अति उच्च, उच्च, मध्यम र न्यून गरी चार तहमा वर्गीकरण गरिनेछ । लकडाउन पनि क्रमश: पूर्ण,

मिश्रित, खुकुलो र न्यून गरी चार स्तरमा कायम गरी आधारभूत सेवा, औद्योगिक उत्पादन, कृषि र अत्यावश्यक आपूर्ति लगायतका आर्थिक तथा सामाजिक गतिविधिहरु उयपुक्त ढङ्गमा संचालनको अवस्था सृजना गरिनेछ ।

यस अवधारणाको कार्यान्वयनबाट संक्रमण नियन्त्रण र रोकथामका लागि अवलम्वन गरिने कार्यहरु दुविधा र दोहोरोपनारहित ढंगले संघ, प्रदेश, जिल्ला र स्थानीय तहविच तथा अन्तर मन्त्रालय, विभाग, निकायहरुको जिम्मेवारी एंव भूमिका स्पष्ट र सुनिश्चित हुनेछ । यसले कोभिड-१९ विरुद्धको लडाइमा समन्वय र सहकार्यलाई समेत मजवूत बनाउनेछ ।

## ४.२. औचित्यः

४.२.१. कोभिड-१९ बाट उत्पन्न स्वास्थ्य सुरक्षाका साथै बहुआयामिक र अनिश्चितकालीन असर न्यून गर्न वैज्ञानिक र व्यावहारिक लकडाउन विधि अवलम्वन गर्न,

४.२.२ लकडाउन र आधारभूत सेवा प्रवाह, वाणिज्य-व्यापार, उत्पादन र विकास निर्माण कार्यवीचको अन्तर (Gap) कम गर्न,

४.२.३. CICT, क्वारेन्टिन, आईसोलेशन लगायतका व्यवस्थापन गरी संक्रमितबाट अन्य व्यक्ति र समुदायमा संक्रमण फैलिन नदिन,

४.२.४. आर्थिक गतिशीलतामा सृजित व्यवधानलाई सकेसम्म न्यून गरी नागरिकको सामान्य जीविकोपार्जनमा सहजता प्रदान गर्न,

४.२.५. महामारीका कारण स्वभावतः विदेशबाट स्वदेश फर्कने नागरिकको बढ्दो प्रवृत्ति र यसबाट उत्पन्न हुनसक्ने संक्रमण, बेरोजगारी, जीवनयापन र जीविकोपार्जनमा हुने कठिनाई न्यून गर्न,

४.२.६. दैनिक उपभोग्य र अत्यावश्यक वस्तुको आपूर्ति व्यवस्था सहज तुल्याउन,

४.२.७. अन्तरतह (संघ, प्रदेश, जिल्ला र स्थानीय तह) तथा अन्तरनिकाय (मन्त्रालय, विभाग आदि) समन्वय र सहकार्य व्यावहारिक एवं मजवुत बनाउदै दोहोरोपन तथा दुविधा उत्पन्न हुन नदिन,

४.२.८. अन्तराष्ट्रिय खुल्ला सीमाक्षेत्रमा हुने आवागमनलाई व्यवस्थित गर्न,

४.२.९. कोभिड-१९ को महामारीको परिस्थितिमा राज्य र नागरिकको सुमधुर सम्बन्ध र सहकार्यको अवस्था सृजना गर्दै नोवल कोरोना भाईरसको सामना गर्दै जीवनयापनलाई सामान्यीकरण गर्दै लैजाने।

## ५. रणनीति :

५.१. लकडाउनबाट सृजित वाध्यात्मक अवस्थामा पनि गतिशीलताका अवसरहरु पहिचान गरी यथासम्भव सामाजिक-आर्थिक क्रियाकलाप बढाउने,

५.२. कोभिड-१९ संक्रमण दर, संक्रमणमा उतारचढाव, नयाँ संक्रमण संख्या, अस्पताल भर्ना प्रतिशत र मृत्यु दर समेतका स्वास्थ्य सुरक्षा जोखिम मापनका बस्तुगत सूचकहरु (Indicators) का आधारमा जोखिमको स्कोरिङ्ग गरी, CCMC/PDC/DCMC ले आ-आफ्नो जिम्मेवारी क्षेत्र अन्तर्गतका भौगोलिक ईकाइ (गाउं/टोल, वडा, पालिका, जिल्ला) लाई Red, Amber, Yellow र Green गरी चार संक्रमण Status मा वर्गीकरण गरी साप्ताहिक रुपमा नियमित पुनरावलोकन गर्ने,

५.३. वर्गीकृत संक्रमण Status अनुरुप Red, Amber, Yellow र Green मा क्रमश: Hard लकडाउन, Mixed लकडाउन, Soft लकडाउन र Minimal लकडाउन गरी चार तहको लकडाउन गर्ने ।

## ६. समुदायमा कोभिड-१९ सक्रमणको अवस्था निर्धारण गर्ने सूचकहरु

६.१. WHO लगायतका अन्तराष्ट्रिय अभ्यास र हालसम्म सिकिएका पाठहरु समेतलाई दृष्टिगत गरी समुदायस्तरमा कोभिड-१९ संक्रमणको अवस्था निर्धारण गर्न देहायका वैज्ञानिक सूचकहरुको प्रयोग गरिनेछः-

६.१.१. साप्ताहिक औषत संक्रमण दर (Weekly Average Test Positivity Rate):- साप्ताहिक रुपमा गरिएको कोभिड-१९ परीक्षणको औषत संक्रमित प्रतिशत,

६.१.२ अघिल्लो हप्ताको तुलनामा संक्रमणको उतारचढाव (Percentage Change in Infection Compared to Previous Week):- अघिल्लो साता र चालु साता बिचमा भएको संक्रमण घटबढको प्रतिशत,

६.१.३ साप्ताहिक नयाँ संक्रमण - प्रति १० लाखमा (Weekly New Cases Per Million ) :- प्रति १० लाख जनसंख्यामा साप्ताहिक रुपमा थपिएको संक्रमणको संख्या,

६.१.४ अस्पताल भर्नाको अवस्था (Bed Occupancy in Percentage):- अस्पतालमा रहेको शैय्या क्षमताको सापेक्षतामा बिरामी भर्नाको प्रतिशत,

६.१.५ मृत्यु संख्या - प्रति १० लाख जनसंख्यामा (Deaths Per Million) :- प्रति १० लाख जनसंख्याको कोभिड-१९ संक्रमणबाट भएको मृतकको संख्या ।

**Table 1:** समुदायमा **COVID-19 सक्रमणको अवस्था निर्धारण गर्ने** सूचकहरु

| VARIABLES | VALUES | | | |
|---|---|---|---|---|
| **Weekly Average Positivity Rate** | **>10%** | **(8-10)%** | **(5 – 7.99)%** | **<5%** |
| **Change in Percentage Compared to Previous Week** | **>99%** | **(50-99)%** | **(1-49.99)%** | **<1%** |
| **Weekly New Cases per Million** | **>500** | **200 - 499** | **100- 199** | **<100** |
| **Bed Occupancy Percentage** | **>70%** | **(50 – 70)%** | **(30 -49.99)%** | **<30%** |
| **Number of Deaths per Million per Week or Cumulative** | **>5** | **3 - 5** | **1-2.99** | **<1** |
| **Total Score** | **5x20=100** | **5x13=65** | **5x6=30** | **5x3=15** |
| **Level of Infection** | **Widespread** | **Substantial** | **Moderate** | **Minimal** |

६.२. लकडाउन स्टाटस निर्धारणको लागि साप्ताहिक नयाँ संक्रमितको संख्या, संक्रमितको बृद्धि प्रतिशत, संक्रमण दर, अस्पतालहरुको व्यवस्थापन क्षमताको सूचकको रुपमा Bed Occupancy र मृत्यु दरलाई आधारको रुपमा लिइएको छ । प्रत्येक सूचकलाई निश्चित वैज्ञानिक अंकभार प्रदान गर्दा भाइरसको आक्रमकताको अवस्था र Life vs livelihood तथा देशको अर्थतन्त्रमा पर्न जाने असर समेतलाई मध्यनजर गरिएको छ। निश्चित अंकभारको

आधारमा संक्रमणको जोखिम अवस्थाका सूचकहरुलाई Red, Amber, Yellow र Green रङ्गले सङ्केत गरिएको छ ।

हालका दिनहरुमा खोप सरल तथा सहज रूपमा उपलब्ध हुन नसकेको हुँदा खोप प्राप्त गरेको जनसंख्याको प्रतिशतलाई सूचकको रूपमा उल्लेख गरिएको छैन। खोपको उपलब्धता तथा वितरण सहज हुँदै गए पश्चात खोप प्राप्त गरेको जनसंख्याको प्रतिशतलाई समेत एक सूचकको रूपमा समावेश गरिनेछ।

## ७. जोखिम मूल्याङ्कन र लकडाउनको तह निर्धारणको ढाँचा

७.१. अन्तराष्ट्रिय अभ्यास र नेपालमा कार्यरत Epidemiologists बाट प्राप्त रायसुझावको आधारमा कोभिड-१९ को जोखिम मूल्याङ्कन तथा लकडाउनको तह निर्धारणको लागि Table 2 बमोजिमको ढाँचा तयार गरिएको छ ।

**Table 2 :- COVID-19 Risk Assessment & Smart Lockdown Decision Framework:**

| Aggregate Scoring of Identified Variables | >65 | 31-65 | 16-30 | ≤ 15 |
|---|---|---|---|---|
| **Risk Indication** | **RED** | **AMBER** | **YELLOW** | **GREEN** |
| **Risk Level** | **Severe** | **High** | **Moderate** | **Minimal** |
| **Level of Transmission** | **Widespread** | **Substantial** | **Moderate** | **Minimal** |
| **Strategy** | **Restrict** | **Control** | **Protect** | **Prevent** |
| **Measures** | **Stringent** | **Intermediate** | **Strengthened** | **Standard** |
| **Lockdown Status** | **Hard** | **Mixed** | **Soft** | **Minimal** |

७.२. जोखिम मूल्याङ्कनका बुंदा नं. ६ मा उल्लेखित चरहरु (Variables) अनुसार Red Zone मा रहेका प्रत्येक सूचकलाई क्रमश २०, Amber Zone मा १३, Yellow Zone मा ६ र Green Zone मा ३ अंकको अंकभार निर्धारण गरी समष्टिमा कूल १०० अंकभार निर्धारण गरिएको छ,

७.३. उल्लेखित सूचकहरुलाई मूल्याङ्कन गर्दा अंकभार ६५ भन्दा बढी भएमा अति उच्च, ३० देखि ६५ सम्म भएमा उच्च, १६ देखि ३० सम्म भएमा मध्यम र १५ वा सो भन्दा कम भएमा न्यून तहको गरी जोखिमलाई चार तहमा वर्गीकरण गरिएको छ,

७.४ यस कार्यविधि बमोजिम जोखिम मूल्यांकन गर्ने प्रयोजनको लागि DCMC तथा स्थानीय तहले तथ्याङ्क प्रविष्ट तथा प्रशोधन गर्न CCMC बाट MS Excel प्रयोग गरी तयार पारिएको Prototype प्रयोग गर्नु पर्नेछ । उक्त Prototype प्रयोग सम्बन्धमा CCMC को सम्बन्धित विभागले DCMC तथा स्थानिय तहका सम्बन्धित कर्मचारीहरुलाई Virtual माध्यमबाट आवश्यक जानकारी गराउनु पर्नेछ,

७.५. Table 1 को सूचक र Table 2 को मूल्याङ्कन विधिमा आधारित रही उदाहरणका लागि कुनै जिल्लाको जोखिमको तह देहायको Table 3 मा नमुना अनुसार मूल्याङ्कन गरिएको छ ।

Table 3: **<u>जोखिम मूल्याङ्कनको नमुना</u>**

**जिल्ला - क**

**मिति: २०७८ असाढ ८**

| VARIABLES | VALUES | | | |
|---|---|---|---|---|
| Weekly Average Positivity Rate | 20% | | | |
| Incremental Change in Percentage Compared to Previous Week | | 50% | | |
| Weekly New Cases per Million | | 200 | | |
| Bed Occupancy Percentage | | | 40% | |
| Number of Deaths per Million | | | | 0 |
| Total Score | 20 | 13*2 = 26 | 6 | 3 |
| Aggregate Scoring | 55 | | | |
| Level of Transmission | **Substantial** | | | |
| Lockdown Status | **Mixed** | | | |

**७.५ माथिको नमुना मूल्यांकनमा:**

- कुनै क जिल्लाको २०७७ आषाढ महिनाको १ गतेदेखि ७ गतेसम्म १ हजार जनाको परीक्षण गर्दा २०० जनामा संक्रमण पुष्टि भएकोले २० प्रतिशत हुन आउँछ, जुन १० प्रतिशत भन्दा बढी भएको हुंदा Weekly Average Positivity Rate मूल्यांकनमा Widespread Transmission अन्तरगत परी २० अंक प्रदान गरिएको छ,
- अघिल्लो हप्ता उक्त जिल्लामा ४०० जना संक्रमित रहेकोमा चालू हप्ता २०० संक्रमित पुष्टि भएकोले संक्रमणमा ५० प्रतिशतले कम भएको भएको हुंदा Incremental Change in पछिल्लो हप्ताको तुलनामा मुल्यांकन गर्दा उल्लेख्य वृद्धि (Substantial Transmission ) अन्तरगत परी १३ अंक प्रदान गरिएको छ ,
- कूल जनसंख्या १० लाख रहेको उक्त जिल्लामा चालू हप्तामा नयाँ संक्रमितको संख्या २०० जना थपिएकोले साप्ताहिक रूपमा प्रति दश लाख २०० नयाँ संक्रमित भएकोले (२००÷१००,००,०० x१००,००,००) Substantial Transmission अन्तरगत परी १३ अंक प्रदान गरिएको छ,
- २०० जना संक्रमित मध्य उक्त जिल्लामा रहेका सबै अस्पतालमा भर्ना भएका संक्रमित बिरामीको संख्या २० जना रहेको र सबै अस्पतालको शैय्याको क्षमता ५० रहेको हुंदा ४० प्रतिशत शैय्या ओगटिएको अवस्था Bed Occupancy Percentage Moderate Transmission अन्तरगत परी ६ अंक प्रदान गरिएको छ,
- उक्त जिल्लामा चालू हप्तामा कोभिडका कारण मृत्यु नभएकोले प्रति १० लाख जनसंख्यामा (०÷१०,००,०००x १०,००,००० ) भएको हुंदा Number of Deaths per Million मूल्यांकनमा Minimal Transmission अन्तरगत परी ३ अंक प्रदान गरिएको छ,
- उक्त उदारण अनुसार रेडमा १ को २० अंक, एम्बरमा २ को २६ अंक र ऐल्लोमा १ को ६ अक र GREEN को ३ अक गरी कूल ५५ अंक भएको हुंदा उच्च जोखिम AMBER जोनमा परि Mixed Lockdown गर्नुपर्ने अवस्था छ ।

८. **निर्णय, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन.**

८.१. सबै DCMC ले जिल्लाभित्र रहेका सबै पालिकाहरुसंग समन्वय गरी खण्ड ७ मा उल्लेख भएबमोजिम आ-आफ्नो जिल्ला र पालिकागत तहमा एकहप्तामा नबढ्ने गरी नियमित

रुपमा जोखिम मूल्याङ्कन गरी सोको आधारमा लकडाउनको प्रकृति निर्धारण गरी सोको कार्यान्वयन अनूसुची-१ बमोजिम गर्नु गराउनु पर्नेछ । DCMC ले आफ्नो क्षेत्रभित्र लकडाउनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आवश्यक अनुगमनको व्यवस्था मिलाउनुका साथै आवश्यकता अनुसार छिमेकी जिल्लाहरुसंग समेत समन्वय गर्नु पर्नेछ ,

८.२ कार्यविधि बमोजिम जोखिम मूल्यांकनको आधारमा कुनै पालिकाले कुनै गांउ/टोल, वडा वा पूरै पालिका भरी लकडाउन गर्नुपर्ने देखिएमा लकडाउन कार्यान्वयनको लागि DCMC लाई सिफारिस गर्नु पर्नेछ,

८.३ यस कार्यविधि वमोजिम जोखिम मूल्याङ्कन तथा लकडाउन कार्यान्वयनको अनुगमनमा सम्बन्धित पालिकाहरुको महत्वपूर्ण भूमिका रहने भएकोले DCMC तथा पालिकाहरुले एकआपसमा पर्याप्त र प्रभावकारी समन्वय गर्नुपर्ने छ,

८.४ संक्रमण जोखिम मूल्यांकन, लकडाउन कार्यान्वयन र अनुगमनको जानकारी DCMC ले PDC र CCMC मा नियमित रुपमा प्रतिवेदन गर्नु पर्नेछ र माथिल्लो तहले प्राप्त प्रतिवेदनको समेतको आधारमा तल्लो निकायलाई आवश्यकता अनुसार निर्देशन तथा सहजीकरण गर्नु पर्नेछ,

८.५ लक डाउनको प्रकृति अनुसार स्वास्थ्य मापदण्डको पालना गरी खुला गर्ने क्षेत्र/उपक्षेत्र/ क्रियाकलापहरु सम्बन्धमा अनुसूची-१ मा उल्लेख भएका बाहेक कुनै बिषयमा तत्काल निर्णय लिनु पर्दा DCMC ले तीन "भ" को सिद्धान्त-भिडभाड, भौतिक दूरी, भेन्टिलेसन, लाई आधार मानी उपयुक्त निर्णय लिन सक्नेछ। यसरी गरिएको निर्णयको जानकारी यथाशीघ्र CCMC लाई दिनु पर्नेछ ।

अनुसूची-१

(कार्यविधिको खण्ड ८.१ संग सम्बन्धित)

## लक डाउनको प्रकृति अनुसार स्वास्थ्य मापदण्डको पालना गरी खुला गर्ने क्षेत्र/उपक्षेत्र/ क्रियाकलापहरु

| क्र. सं. | क्षेत्र/ उपक्षेत्र क्रियाकलापहरु | लकडाउनको प्रकृति र संचालन खुला गरिएको कार्यहरु | | | |
|---|---|---|---|---|---|
| | | Hard Lock Down | Mixed Lock Down | Soft Lock Down | Minimal Lock Down |
| १. | रक्षा, प्रतिरक्षा, शान्ति सुरक्षा र कूटनैतिक सम्बन्ध | पूर्ण सुचारु | पूर्ण सुचारु | पूर्ण सुचारु | पूर्ण सुचारु |
| २. | स्वास्थ्य सेवा | ईमरजेन्सी र कोभिड उपचार सेवा | दीर्घरोगीको लागि बहिरंग सेवा | सबै बहिरंग सेवा | पूर्ण सुचारु |
| ३. | कार्यालय संचालन | अत्यावश्यक सेवा मात्र | कर्मचारी संख्या एक तिहाईमा नबढ्ने गरी | कर्मचारी संख्या दुई तिहाईमा नबढ्ने गरी | पूर्ण संचालन |
| ४. | सम्मेलन, सेमिनार र गोष्ठी | Virtual Mode मा मात्र | Virtual Mode मा मात्र | स्वास्थ्य मापदण्डको कडाईका साथ पालना गर्दै २५ जनामा नबढाई | स्वास्थ्य मापदण्डको कडाईका साथ पालना गर्दै भौतिक उपस्थितिमा सभा सम्मेलन संचालन |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | शैक्षिक संस्था संचालन | Virtual Mode मा मात्र | स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै प्रशासनिक कार्यमात्र | स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै परीक्षा संचालन तथा सम्बन्धित कक्षाको कुल क्षमताको ३३% नबढ्ने गरी आलोपालो समेतको उपयुक्त वैकल्पिक विधि अपनाई भौतिक उपस्थितिमा कक्षा संचालन गर्न स्थानीय तहको सिफारिसमा DCMC ले स्वीकृति दिनसक्ने | स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै भौतिक उपस्थितिमा शैक्षणिक क्रियाकलाप संचालन |
| ६. | आवागमन | शान्ति सुरक्षा, स्वास्थ्य सेवा र अत्यावश्यक सेवामा खटिने कर्मचारीहरु/व्यक्तिहरु,<br>ईमरजेन्सी र कोभिड उपचारको लागि जाने व्यक्ति,<br>तोकिएको समयमा बसोवास आसपास अत्यावश्यक सामग्री खरिदका लागि जाने व्यक्ति,<br><br>अनुमति प्राप्त संचारकर्मी | बैंक, वित्तीय संस्था, अन्य सरकारी कार्यलय र अनलाईन होम डेलिभरी सेवाका कर्मचारीहरु | स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै काम विशेषको लागि भिडभाड नगरी आवागमन गर्न दिने | स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै भिडभाड नहुने गरी आवागमन गर्न दिने |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | पसल, कोल्ड तथा डिपार्टमेन्टल स्टोरहरु संचालन | औषधि पसल,<br>फलफूल, तरकारी, पिउने पानी, दुग्ध पदार्थ, माछामासु, खाद्य र सर-सफाईका सामग्री बिक्री गर्ने पसल/कोल्ड स्टोर र डिमार्टमेन्टल स्टोरहरु (तोकिएको समय र सम्बन्धित सेक्सन मात्र) | निर्माण सामग्री, पुस्तक तथा स्टेशनरी, मेकानिकल, ईलेक्टोनिक, ईलेक्ट्रिकल सामानहरु बिक्री गर्ने पसल तथा स्टोरहरु | लत्ता कपडा, भांडाकुडा, फर्निचर, फर्निसिङ्ग, तथा फिक्सर्स सम्बन्धि स्टोरहरु,<br>ठेलागाढा, साईकल र फुटपाथमा संचालन हुने पसलहरु | व्यापारिक मल लगायत सबै प्रकारका स्टोरहरु |
| ८. | यातायात | एम्बुलेन्स, स्वास्थ्य संस्था, सुरक्षा निकाय, अत्यावश्यक सरकारी सेवा तथा अत्यावश्यक ढुवानीका साधन | अत्यावश्यक अवस्थामा पास सहितका सवारी साधन | सिटको ५०% क्षमता बोकी सार्वजनिक सवारी साधन, निजी सवारी साधन | सिट क्षमता भन्दा नबढ्ने गरि सार्वजनिक तथा निजि सवारी साधन समेत संचालन |
| ९. | ढुवानी आपूर्ति | स्वास्थ्य सामग्री, खाद्य सामग्री, ईन्धन, कृषि विउबिजन र मल | निर्माण तथा उत्पादनसंग सम्बन्धित अति आवश्यक सामग्री | व्यापारिक प्रयोजनका आवश्यक सामग्री | सबै प्रकारका आपूर्ति |
| १०. | मठमन्दिर, मस्जिद, चर्च र गुम्बामा हुने धार्मिक पूजाआजा र कार्यक्रम | नित्य पूजा मात्र | नित्य पूजा मात्र | स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै भिडभाड नहुने गरी | स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी संचालन |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | सामाजिक रीतिरीवाज | अन्तिम संस्कारमा सहभागी हुनैपर्नेहरु मात्र,<br><br>अन्य रीतिरीवाजको हकमा एकाघरको सहभागितामा घरभित्र मात्र | स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै अन्तिम संस्कार र विवाह, व्रतवन्ध लगायतका सामाजिक परम्परा र रितिरिवाजका कार्यक्रममा २० जना नबढ्ने गरी | जात्रा, महोत्सव, भोजभतेर बाहेक स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै भिडभाड नहुने गरी | जात्रा, महोत्सव, भोजभतेर लगायतमा स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै भिडभाड नहुने गरी |
| १२. | नेपाल प्रबेश (पैदल मार्ग) | सिमानाका बन्द,<br><br>नेपाल आउनै पर्ने नेपाली नागरिकलाई तोकिएको कार्यदिश बमोजिम आगमन अनुमति | स्वास्थ्य उपचार तथा अत्यावश्यक कार्यको लागि तोकिएको कार्यदिश बमोजिम आवागमन अनुमति<br><br>निर्माण सामग्री आयात | अति आवश्यक व्यापारिक तथा दैनिक कामकाजको लागि आवागमन | पर्यटकीय गतिविधि लगायत अन्य दैनिक आवतजावत सहज गर्ने |
| १३. | नेपाल प्रबेश (अन्तराष्ट्रिय विमानस्थल) | स्वास्थ्य सामग्री आपूर्ति र VVIP movement का उडान | चार्टर उडान (तोकिएको कार्यदिश बमोजिम) | तोकिएको कार्यदिश बमोजिम थप उडानहरु सुचारु | तोकिएको कार्यदिश बमोजिम नियमित उडान सुचारु |
| १४. | आन्तरिक उडान | स्वास्थ्य सामग्री आपूर्ति, सुरक्षा, आपतकालीन र VVIP movement का उडान | चार्टर उडान | तोकिए बमोजिम सीमित व्यापारिक उडानहरु<br><br>Green to all zone<br><br>Yellow to all zones except green one | सबै व्यापारिक उडानहरु<br>Green to all zone<br><br>Yellow to all zones except green one |

| | | | | | |
|---|---|---|---|---|---|
| १५. | उद्योग व्यवसाय | औषधि उत्पादन,<br>अक्सिजन प्लान्ट,<br>अत्यावश्यक खाद्य सामग्री, ईन्धन व्यवसाय तथा Closed Camp सहितका तोकिएका स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी संचालन गर्ने उत्पादनमूलक उद्योग | मेकानिकल, ईलेक्टोनिक, ईलेक्ट्रिकल सेवा प्रदायक व्याबसाय तथा उद्योग | तोकिएका स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी खनिजजन्य, Manufacturing, निर्माणजन्य उद्योग व्यावसाय र कवाडी व्यावसाय | तोकिएका स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी सम्पूर्ण उद्योग व्यवसाय |
| १६. | रजिष्टर्ड अनलाईन सपिङ्गको होम डेलिभरी | हलुका सवारीसाधन प्रयोग गरी दैनिक उपभोग्य बस्तुहरु मात्र | मेकानिकल, ईलेक्ट्रोनिक, ईलेक्ट्रिकल बस्तुहरु, स्टेशनरी, पाठ्य सामग्रीहरु | लत्ताकपडा, गिफ्ट आइटम आदि | सबै खालका बस्तुहरु डेलिभरी |
| १७. | कृषि उत्पादन | स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्दै खुल्ला स्थानमा गरिने अत्यवश्यक कार्यहरु | स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्दै स-साना समुहमा गरिने कार्यहरु | २५ जनामा नबढ्ने गरी गरिने कार्यहरु | स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्दै कृषि सम्बन्धी सम्पूर्ण कार्यहरु |
| १८. | होटल तथा रेस्टुरा | तोकिए बमोजिम क्वारेन्टिन र आईसोलेशन सेवा मात्र | Online/Home Delivery | Take Away | स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्दै सम्पूर्ण सेवा |
| १९. | खेलकुद/ व्यायम | निजि निवास परिसर भित्र | खुला स्थानमा स्वास्थ्य मापदण्ड अपनाएर बिहान ५-८ बजेसम्म र बेलुकी ५-७ बजेसम्म व्यायम, प्रात/सन्ध्या हिडडुल | दर्शक बाहेक Closed Camp मा गरिने खेलकुद मात्र | स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्दै जिमखाना, हेल्थ क्लव लगायतका व्यायम र दर्शक सहितका खेलकुद |

| | | | | | |
|---|---|---|---|---|---|
| २०. | मनोरञ्जन | Virtual Mode मा मात्र | Virtual Mode मा मात्र | २० जना नबढ्ने गरी सानो जमघट, पिकनिक, चिडियाघर, म्युजियम, पार्क, ट्रेकिङ, भ्रमण | स्वास्थ्य मापदण्डको पालना गर्दै सिनेमा हल, मेला, Fun Park जस्ता मनोरञ्जन सेवा बाहेकका अन्य मनोरञ्जन |
| २१. | घरायसी भेट-घाट जमघट | एकाघरमा मात्र | एकाघरमा मात्र | १० जना नबढ्ने गरी | स्वास्थ्य मापदण्डको पालना गरी सानो समुहमा |
| २२. | हाटबजार | - | - | स्वास्थ्य मापदण्डको पालनागर्दै ५०% क्षमतामा मात्र संचालन | स्वास्थ्य मापदण्डको पालना गर्दै संचालन |
| २३. | विकास निर्माण | कर्मचारी तथा कामदारहरु क्लोज क्याम्पमा राखी संचालन गरिने राष्ट्रिय गौरवका आयोजनाहरु | कर्मचारी तथा कामदारहरु क्लोज क्याम्पमा राखी संचालन गरिने योजना/आयोजनाहरु | स्वास्थ्य मापदण्डको पालनागर्दै केन्द्रीय, प्रादेशिक,स्थानीय तह र निजीतवरमा सम्पन्न हुने निर्माणका कार्यहरु | स्वास्थ्य मापदण्डको पालना गर्दै सम्पूर्ण निर्माणका कार्यहरु |
| २४. | सभा, जुलुस, प्रदर्शन | निषेध | स्वास्थ्य मापदण्डको पालना गर्दै ५ जनामा नबढाई | स्वास्थ्य मापदण्डको पालना गर्दै २५ जनामा नबढाई | स्वास्थ्य मापदण्डको पालना गर्दै |

**द्रष्टव्यः**- १. यस कार्यविधिमा नसमेटिएका क्षेत्र/उपक्षेत्र/क्रियाकलाप संचालनका सम्बन्धमा सम्बन्धित निकाय/DCMC को सिफारिसको आधारमा CCMC को निर्णय/निर्देशन बमोजिम हुनेछ ।

२. अनूसुची-१ मा प्रत्येक दांयातर्फको स्तम्भबाट कुनै कार्यहरु खुला गरिदा सो भन्दा वांयातर्फको स्तम्भमा उल्लेख भएका कार्यहरु स्वतः खुला भएको बुझ्नु पर्दछ ।